# राज्यको पुन : संरचना तथा रूपान्तरण

झण्डै दुई सय चालीस वर्षअघि स्थापित नेपालको परम्परागत केन्द्रीकृत राज्य संरचना कुनै उल्लेखनीय परिवर्तनबिना हालसम्म पनि सञ्चालित छ । निश्चित अभिजातवर्गको बलियो पकड रहेको यस संरचनाअन्तर्गत जाति, वर्ग, क्षेत्र, भाषा, लिङ्ग आदि आधारमा असमान सामाजिक स्तरमा विभाजित नेपाली नागरिकहरूको अधिकार तथा अवसरको संरक्षण हुन सकेको छैन । यसै परिस्थितिका कारण नेपालको जनसङ्ख्याको ठूलो हिस्सा हालसम्म पनि गरिबी, अशिक्षा, अन्याय लगायत विभिन्न प्रकारका सामाजिक भेदभावको सिकार भइरहेको छ । कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, कर्मचारितन्त्र, सुरक्षा निकाय जस्ता राज्यका अङ्गहरू सही मानेमा जनताप्रति उत्तरदायी हुन सकेका छैनन् । तसर्थ, विगत १०० वर्षको अवधिमा विश्वका कतिपय मुलुकले हासिल गरेको आर्थिक तथा सामाजिक प्रगतिबाट नेपाल अछुतो रहनुको प्रमुख कारण हाम्रो राज्य संरचनामा आवश्यक परिवर्तन तथा परिमार्जन नहुनु नै हो भन्दा अत्युक्ति नहोला ।

राज्यको संरचनामा समयसमयमा आवश्यक परिवर्तन तथा परिमार्जन हुन नसक्दा सर्वसाधारण नागरिकहरू आफ्ना अधिकार र अवसरहरूबाट विमुख हुने मात्र होइन, राज्य स्वयंमा कमजोर पनि हुँदै जान्छ । विश्वका विभिन्न मुलुकले भोगिसकेको यो समस्या आज नेपालमा पनि टड्कारो रूपमा देखा परेको छ । शासकबाट जनतामा शक्तिको हस्तान्तरण हुन नसक्नाले यसबाट सृजित असन्तुष्टि सशस्त्र द्वन्द्वका रूपमा अभिव्यक्त भइसकेको छ । 'शान्ति क्षेत्र' का रूपमा परिभाषित गर्न खोजिएको मुलुकभित्र कति धेरै निराशा र असन्तुष्टिका भावनाहरू लुकेर बसेका रहेछन् भन्ने कुरा आज हामी सबैले देखिरहेका छौँ ।

विगत बाह्र वर्षसम्म चलेको सशस्त्र द्वन्द्वका कारण भएको धनजनको क्षति तथा सर्वसाधारण जनताले भोग्नुपरेको दुखःकष्टको जति नै वर्णन गरेपनि अपर्याप्त हुन्छ । तर, यस द्वन्द्वले हामी सबैलाई एउटा महत्वपूर्ण पाठ पनि सिकाएको छ । त्यो हो- दिगो तथा स्थायी शान्तिको मुख्य आधार समावेशी लोकतन्त्र नै हो ।

नेपालको समग्र इतिहासको अत्यधिक ठूलो अवधि निरङ्कुश तथा अधिनायकवादी शासन प्रणालीले ओगटेको कुरा हामी सबैलाई थाहै छ । तर, लोकतान्त्रिक शासन प्रणाली भनेर परिभाषित गरिएका प्रणालीहरू पनि सही अर्थमा लोकतान्त्रिक हुन नसक्नुलाई भने बिडम्बनाकै रूपमा लिनुपर्छ । वि. सं. २००७ सालदेखि २०१७ सालसम्म र २०४६ सालदेखि २०६१ सालसम्म सञ्चालित व्यवस्थालाई प्रजातान्त्रिक भन्ने गरिए तापनि राज्य व्यवस्थामा सर्वसाधारण नागरिकको पहुँच तथा अवसर र अधिकारको वितरणका दृष्टिकोणबाट हेर्ने हो भने ती व्यवस्थाहरू सही अर्थमा लोकतान्त्रिक हुन सकेका थिएनन् । लोकतान्त्रिक प्रणालीको वकालत

गर्नेहरूले परम्परागत केन्द्रीकृत राज्य व्यवस्थामा परिवर्तन गरिनुपर्ने आवश्यकतालाई यथेष्ट रूपमा महसुस गर्न सकेनन् । जसको परिणाम आज हामी सबैले प्रत्यक्ष भोगिरहेका छौँ ।

राज्यको पुनःसंरचना र लोकतान्त्रीकरणबिना सशस्त्र द्वन्द्वलगायत हामीले वर्तमानमा भोगिरहेका जटिल समस्याहरूको शान्तिपूर्ण समाधान सम्भव छैन भन्ने तथ्यलाई हृदयङ्गम गर्दै विभिन्न राजनीतिक दलका नेतृत्व तहमा रहनुभएका राजनीतिज्ञहरूले राज्यको पुनःसंरचना तथा लोकतान्त्रिकरणका विषयमा साझा अवधारणा निर्माण गर्ने कार्यमा अग्रसरता देखाउनुभएको छ । यसैको परिणामस्वरूप लामो समयको अन्तरक्रिया र गृहकार्यपछि एक अवधारणापत्र तयार भएको छ । यस अवधारणापत्रलाई राष्ट्रिय शान्ति अभियानले *राज्यको पुनःसंरचना र रूपान्तरण* शिर्षकमा प्रकाशित गरेको छ ।

लामो समयको सशस्त्र द्वन्द्वलाई अन्त्य गर्दै नेपाललाई शान्तिपूर्ण र समृद्ध राष्ट्रका रूपमा विकसित गर्नका लागि प्रस्तुत अवधारणापत्रले महत्वपूर्ण सहयोग पुर्‍याउने छ भन्ने कुरामा राष्ट्रिय शान्ति अभियान आशावादी रहेको छ ।